नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,

भर्ना तथा छनौट शाखा, हलचोक, स्वयम्भु,काठमाण्डौ ।

## नयाँ भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०३/२९ गते, सूचना नं. ०३/०७९/०८०

सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको साधारण समूह, साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी जवान पदमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट अनलाईन मार्फत वा रु. १०/- को टिकट टाँसी (स्वयं उपस्थित भई) आफुलाई पायक पर्ने सशस्त्र प्रहरी बल, नेपालको तोकिएको कार्यालयहरुमा दरखास्त फाराम बुझाउन सकिने गरी यो दरखास्त आह्वान गरिएको छ ।

१. **दरखास्त लिने मिति** :- २०८०।०३।२९ गतेदेखि २०८०।०४।२८ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८०।०४।२९ गतेदेखि मिति २०८०।०५।०३ गते कार्यालय समयसम्म ।

२. **सम्पर्क मिति, समय र स्थान** :-

क. अनलाईन मार्फत दरखास्त फाराम भरेका उम्मेदवारहरुले २०८०।०५।०७ गते भित्र परीक्षा संचालन हुने सम्बन्धित कार्यालयहरुमा (आफुले रोजेको केन्द्र) स्वयं उपस्थित भई सक्कलै दरखास्त फायल बुझाउनु पर्नेछ ।

ख. सम्पूर्ण उम्मेदवारहरुको मिति २०८०।०५।११ गते ११:०० बजे परीक्षा संचालन हुने सम्बन्धित कार्यालयहरुमा ।

३. **आवश्यक पद संख्याः-**

| पद | विज्ञापन नम्वर | खुला | अमर/अशक्त स.प्र.क.सन्तति | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| सशस्त्र प्रहरी जवान | ०६/०७९/०८० | ५०२ | १९ | ८२ | १३२ | ११५ | ६२ | २० | ९३२ |

४. **दरखास्त फाराम बुझाउने स्थानहरुः-**

| सि.नं. | दरखास्त फाराम संकलन गर्ने कार्यालयहरु | सम्पर्क नं. | सम्पर्क तथा परीक्षा संचालन हुने कार्यालयहरु |
|---|---|---|---|
| १. | **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाण्डौ ।** | ०१-५२४९०२४ | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाण्डौ । |
| २. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गढीमाई बाहिनी मुख्यालय, मकवानपुर । | ९८५१२७२१७६ | |
| ३. | सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुर । | ९८५१२७२५३२ | |
| ४. | सशस्त्र प्रहरी बल, नेपाल नं. १५ गण हे.क्वा., काभ्रे । | ९८५१२७२०७५ | |
| ५. | सशस्त्र प्रहरी बल, नेपाल नं. १६ गण हे.क्वा., सिन्धुपाल्चोक । | ९८५१२७२१३३ | |
| ६. | सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गुल्म हे.क्वा., दोलखा । | ९८५१२७२५३७ | |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गुल्म हे.क्वा., नुवाकोट । | ९८५१२७२५३५ | |
| ८. | सशस्त्र प्रहरी बल, नेपाल नं. २० गुल्म हे.क्वा., रसुवा । | ९८५१२७२२७५ | |
| ९. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, सिन्धुली । | ९८५१२७२६०२ | |
| १०. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, रामेछाप । | ९८५१२७२५५७ | |
| ११. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, धादिङ्ग । | ९८५१२७२४९१ | |
| १२. | **सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी ।** | ९८५१२७२०२९ | सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी । |
| १३. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ गण हे.क्वा. श्रीअन्तु, ईलाम । | ९८५१२७२२४२ | |
| १४. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हे.क्वा., झापा । | ९८५१२७२१२५ | |
| १५. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गण हे.क्वा. कंकालिनी, मोरङ्ग । | ९८५१२७२१३६ | |
| १६. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ गण हे.क्वा. त्रियुगा उदयपुर । | ९८५१२७२२७२ | |
| १७. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ गुल्म हे.क्वा. कञ्चनजघा,ताप्लेजुङ्ग । | ९८५१२७२२४१ | |
| १८. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ गुल्म हे.क्वा. हिमशिखर, पाँचथर । | ९८५१२७२२४० | |
| १९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गुल्म हे.क्वा., म्याग्लुङ्ग, तेह्रथुम । | ९८५१२७२२६२ | |
| २०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ गुल्म हे.क्वा. अरुण, संखुवासभा । | ९८५१२७२२५४ | |
| २१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ गुल्म हे.क्वा. टक्सार, भोजपुर । | ९८५१२७२२४५ | |

| | | | |
|---|---|---|---|
| २२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ गुल्म हे.क्वा. छिन्ताङ्ग, धनकुटा । | ९८५१२७२२४६ | |
| २३. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गुल्म हे.क्वा. हलेसी, खोटाङ्ग । | ९८५१२७२२४७ | |
| २४ | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, सोलुखुम्बु । | ०३८-५२०१०१ | |
| २५. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, ओखलढुङ्गा । | ०३७-५२०६४२ | |
| २६. | **सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी ।** | ९८५१२७२०२४ | सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी । |
| २७. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ गण हे.क्वा., सप्तरी । | ९८५१२७२१४३ | |
| २८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण हे.क्वा., सिरहा । | ९८५१२७२१२६ | |
| २९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ८ गण हे.क्वा., धनुषा । | ९८५१२७२१२७ | |
| ३०. | सशस्त्र प्रहरी बल, नेपाल नं. १० गण हे.क्वा., सर्लाही । | ९८५१२७२१२९ | |
| ३१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण हे.क्वा., रौतहट । | ९८५१२७२१३० | |
| ३२. | सशस्त्र प्रहरी बल, नेपाल नं. १२ गण हे.क्वा., बारा । | ९८५१२७२१५१ | |
| ३३. | सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हे.क्वा., पर्सा । | ९८५१२७२१३२ | |
| ३४. | **सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, कास्की ।** | ९८५१२७२०२५ | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, कास्की । |
| ३५. | सशस्त्र प्रहरी बल, नेपाल नं. २३ गण हे.क्वा. मनकामना, तनहुँ । | ९८५१२७२०९९ | |
| ३६. | सशस्त्र प्रहरी बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका, पर्वत । | ९८५१२७२०७९ | |
| ३७. | सशस्त्र प्रहरी बल, नेपाल नं. २९ गुल्म हे.क्वा., गोरखा । | ९८५१२७२२७१ | |
| ३८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३० गुल्म हे.क्वा., स्याङ्गजा । | ९८५१२७२५१८ | |
| ३९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३१ गुल्म हे.क्वा., पूर्वी नवलपरासी । | ९८५१२७२५१६ | |
| ४०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३२ गुल्म हे.क्वा., मनाङ्ग । | ९८५१२७२५२१ | |
| ४१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गुल्म हे.क्वा., मुस्ताङ्ग । | ९८५१२७२४७४ | |
| ४२. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, लम्जुङ्ग । | ९८५१२७२६१५ | |
| ४३. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, म्याग्दी । | ९८५१२७२५९० | |
| ४४. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, बाग्लुङ्ग । | ९८५७६६८७०० | |
| ४५. | **सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यवासिनी बाहिनी मुख्यालय, रुपन्देही ।** | ९८५१२७२०७८ | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यवासिनी बाहिनी मुख्यालय, रुपन्देही । |
| ४६. | सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा तालिम शिक्षालय बर्दघाट, पश्चिम नवलपरासी । | ९८५१२७२०६१ | |
| ४७. | सशस्त्र प्रहरी बल, नेपाल सशस्त्र प्रहरी जवान तालिम शिक्षालय, नौबस्ता, बाँके । | ९८५१२७२०६३ | |
| ४८. | सशस्त्र प्रहरी बल, नेपाल नं. २७ गण हे.क्वा., रुपन्देही । | ९८५१२७२१४४ | |
| ४९. | सशस्त्र प्रहरी बल, नेपाल नं. २९ गण हे.क्वा. ज्वालामाई दाङ्ग । | ९८५१२७२०८४ | |
| ५०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३१ गण हे.क्वा., बर्दिया । | ९८५१२७२१३९ | |
| ५१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गुल्म हे.क्वा., पाल्पा । | ९८५१२७२५८० | |
| ५२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३६ गुल्म हे.क्वा., अर्घाखाँची । | ९८५१२७२०५७ | |
| ५३. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३७ गुल्म हे.क्वा., गुल्मी । | ९८५१२७२२८१ | |
| ५४. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, पूर्वी रुकुम । | ९८५७८४५४५२ | |
| ५५. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, रोल्पा । | ९८४९७५७८४३ | |
| ५६. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, प्युठान । | ९८५७८९०४०२ | |
| ५७. | **सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, सुर्खेत ।** | ९८५१२७२०२६ | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, सुर्खेत । |
| ५८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४६ गुल्म हे.क्वा., डोल्पा । | ०८७-५५०१८४ | |
| ५९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४७ गुल्म हे.क्वा., पश्चिम रुकुम । | ९८५१२७२६४६ | |
| ६०. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, सल्यान । | ०८८-५२०४१५ | |
| ६१. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, जाजरकोट । | ९८५१२७११४९ | |
| ६२. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, दैलेख । | ९८५१२७११४१ | |
| ६३. | **सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गण हे.क्वा. त्रिपुरा, जुम्ला ।** | ०८७-५२०५०३ | सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गण हे.क्वा. त्रिपुरा, जुम्ला । (शारीरिक सहिष्णुता परीक्षासम्म) |
| ६४. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४४ गुल्म हे.क्वा., हुम्ला । | ९८५१२७२७५७ | |
| ६५. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४५ गुल्म हे.क्वा., मुगु । | ९८५१२७२७६१ | |
| ६६. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, कालिकोट । | ९८६४७९६४०० | |

| | | | |
|---|---|---|---|
| ६७. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, कैलाली । | ९८५१२७२०२७ | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, कैलाली । |
| ६८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी, कंचनपुर । | ९८५१२७२१४१ | |
| ६९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३६ गण हे.क्वा., डोटी । | ९८५१२७२०८७ | |
| ७०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४४ गण हे.क्वा., दार्चुला । | ९८५१२७२२७६ | |
| ७१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४९ गुल्म हे.क्वा. खसड, अछाम । | ९८५१२७२३४९ | |
| ७२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५१ गुल्म हे.क्वा., बैतडी । | ९८५१२७२०८५ | |
| ७३. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५२ गुल्म हे.क्वा., डडेल्धुरा । | ९८५१२७२५१३ | |
| ७४. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, बझाङ्ग । | ९८५१२७२७६४ | |
| ७५. | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, बाजुरा । | ९८५१२७२७५२ | |

५. नियुक्ति हुनको लागि आवश्यक न्यूनतम योग्यता:-

| सि.नं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १. | सशस्त्र प्रहरी जवान (साधारण उपसमूह) | (क) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पुरा भई २२ वर्ष ननाघेको (जन्म मिति २०६२।०३।२९ गतेदेखि मिति २०५८।०३।२९ गतेसम्म), |
| | | (ख) कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको, |
| | | (ग) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको (महिलाको लागि नपर्ने), |
| | | (घ) पुरुषको हकमा कम्तीमा पाँच फिट दुई इन्च र महिलाको हकमा कम्तीमा पाँच फिट उचाई भएको, |
| | | (ङ) पुरुषको लागि कम्तीमा ५० के.जी. र महिलाको लागि कम्तीमा ४२ के.जी. तौल भएको, |
| | | (च) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको, |
| | | (छ) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको, |
| | | (ज) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षाको क्रममा संचालन हुने), |
| | | (झ) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको, |
| | | (ञ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, |
| | | (ट) दरखास्त दिंदाका बखत राजनीतिक दलको सदस्य नरहेको, |
| | | (ठ) आतङ्ककारी संगठनको सदस्य नरहेको, |
| | | (ड) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको, |
| | | (ढ) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको, |
| | | (ण) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |

६. राजश्व दस्तुर:-

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १. | सशस्त्र प्रहरी जवान (साधारण उपसमूह) | दरखास्त फाराम बुझाउँदा रु.१५० (एक सय पचास) बुझाउनु पर्ने छ । समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम (रु.३०) थप दस्तुर बुझाउनु पर्ने छ, दोब्बर दस्तुर बुझाई दरखास्त फाराम बुझाउदा सोको दोब्बर रकम बुझाउनु पर्नेछ, राजश्व दस्तुर बुझाउदा सम्बन्धित भर्ना केन्द्रहरुले तोकेको राजश्व बैंक खाता नं., कार्यालय कोड र राजश्व शिर्षक नं. मा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि १/१ प्रति दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ । |

**७. दरखास्त साथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु सक्कलै प्रति साथमा ल्याई उम्मेदवार आफैले प्रमाणित गरी प्रतिलिपि पेश गर्नु पर्ने छ। केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्य हुने छैन ।**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ख) हाल सालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो ३ (तीन) प्रति ।

(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र (मार्कसिट, चारित्रिक) प्रतिलिपि १/१ (एक/एक) प्रति ।

(घ) अमर/अशक्त सशस्त्र प्रहरी कर्मचारीहरुको सन्ततिहरुको लागि अमर/अशक्त भएको पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र १ (एक) **प्रति** ।

(ङ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(छ) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि एक (१) प्रति तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि एक (१) प्रति ।

(ज) **पिछडिएका क्षेत्रका** लागि **अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला** जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाटनै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने सिफारिस गरिएको पत्रको सक्कल प्रति ।

८. **परीक्षा विधिः-**

(क) प्रारम्भिक शारीरिक परीक्षण ।
(ख) शारीरिक सहिष्णुता परीक्षा ।
(ग) विस्तृत स्वास्थ्य परीक्षण ।
(घ) लिखित परीक्षा ।
(ङ) विशेष स्वास्थ्य परीक्षण ।
(च) अन्तर्वार्ता ।

**पुनश्चः**

(१) रित नपुगेका र म्याद भित्र राजश्व दस्तुर नतिरेका दरखास्त फाराम दर्ता हुने छैन ।

(२) साधारण समूह, साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी जवान पदको लागि अनलाईन मार्फत वा माथि बुँदा नं. ४ मा उल्लिखित आफुलाई पायक पर्ने सशस्त्र प्रहरी बल, नेपालको जुनसुकै कार्यालय तथा स्थानबाट स्वयं उपस्थित भई दरखास्त फाराम दर्ता गर्न सकिने छ ।

(३) अनलाईन मार्फत दरखास्त फाराम दर्ता गराएका उम्मेदवारहरुले आफुले फाराम दर्ता गराए पश्चात मिति २०८०।०५।०७ गते भित्र उपयुक्त समयमा तोकिएका कार्यालयमा सम्पर्क गर्न आई आफुले भरेको दरखास्त फाराम डाउनलोड गरी प्रिन्ट गरेको प्रति, तोकिएको राजश्व बैंक खाता नं., कार्यालय कोड र राजश्व शिर्षक नं. मा राजश्व जम्मा गरेको भौचरको सक्कल प्रति, आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस, रु.१० को टिकट र बुँदा नं. ७ मा उल्लेख भए अनुसारका सम्पूर्ण कागजातहरु लिई अनिवार्य रुपमा उम्मेदवार स्वयं उपस्थित भई प्रवेश पत्र लिनु पर्नेछ । यदि उपस्थित नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

(४) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कल प्रति साथमा लिएको हुनु पर्नेछ ।

(५) प्रत्येक चरणको परीक्षा समाप्ती पश्चात नतिजा प्रकाशन गरिने छ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईने छ ।

(६) परीक्षा संचालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा संचालन गरिने छ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशीतर्फ उम्मेदवारहरु बिचमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने छ ।

(७) बुदा नं. ६ मा उल्लेखित राजश्व दस्तुर शुल्कको अतिरिक्त उमेदवारहरुको विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षण गर्दा तोकिए वमोजिम थप शुल्क लाग्ने छ ।

(८) **बुदा नं. ८ (घ) मा उल्लेखित लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ** ।

(९) लिखित र अन्तर्वार्ता परीक्षाको नतिजा निम्नानुसारको क्रममा प्रकाशन गरिने छ ।

| | | | |
|---|---|---|---|
| (क) खुला | (ख) महिला | (ग) आदिवासी/जनजाती | (घ) मधेसी |
| (ङ) दलित | (च) पिछडिएको क्षेत्र | (छ) अमर/अशक्त स.प्र.क. सन्तति | |

(१०) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनु पर्नेछ (पुरुषको लागि मात्र) ।

(११) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सो को **जिम्मेवार उम्मेदवार स्वयं** हुनेछ ।

(१२) सशस्त्र प्रहरी नियमावली २०७२ को नियम १२ को उपनियम (५) बमोजिम अन्तर्वार्ता हुनु भन्दा अघि सम्म रिक्त हुन आएका पदहरुलाई समेत सोही विज्ञापनमा समावेश गर्न सकिनेछ ।

(१३) नियुक्ति भए पश्चात सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको सम्बन्धित दर्जाको आधारभूत तालिम गर्नु पर्नेछ ।

नोटः-

(१) सशस्त्र प्रहरी परिचर पदका कर्मचारीहरुको हकमा ३० (तिस) बर्ष (जन्म मिति २०५०।०३।२९ गतेसम्म) ननाघेको र सशस्त्र प्रहरी परिचर आधारभुत तालिम प्राप्त गरेको विभागीय कर्मचारीहरु सशस्त्र प्रहरी जवान पदको लागि उम्मेदवार हुन सक्नेछन ।

(२) अनलाइन माध्यमबाट दरखास्त फाराम भर्नका लागि उम्मेदवारहरुले https://bharna.apf.gov.np/ मा गई दरखास्त फाराम भर्न सकिनेछ ।

(३) साधारण समूह, साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी जवान पदको पाठ्यक्रम, अनलाईन आवेदन दिने दरखास्त फाराम तथा परीक्षा संचालन हुने मिति, समय, स्थान र परीक्षाको नतिजा लगायतका विवरणहरु सशस्त्र प्रहरी बल, नेपालको वेभ साईट ***www.apf.gov.np***, टोल फ्रि नं. १११४ एवं आधिकारिक ***Facebook Page: Armed Police Force, Nepal*** बाट समेत जानकारी लिन सकिने छ ।

नेपाल सरकार गृह मन्त्रालय सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मानवश्रोत विभाग निर्देशनालय, हलचोक, काठमाडौं

मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
**भर्ना तथा छनौट शाखा,**
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौ ।